नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मिति: २०७७-०४-०३ गते बिहान ०७)

**आगामी ३ दिन सम्म कन्काई,कोशी,कमला,बागमती,नारायणी, बबई, पश्चिम राप्ती लगायत र प्रदेश १,२, बागमती, गण्डकी र प्रदेश ५ भई बहने नदीमा बाढीको उच्च जोखिम, कर्णाली र सुदूरपश्चिम भई बहने नदीमा मध्यम जोखिम**

## नदीहरुको हालको अवस्था (Present River Status)

**आजको मापन अनुसार कोशी,नारायणी,बागमती, कमला र यसका सहायक नदीमा बहाव सामान्य बढ्दो क्रममा छ तर सतर्कता तह भन्दा तलै छ।**

## बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : श्रावण-३ (शनिबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो हुने तर सतर्कता तलै हुने। महाकालीको सहायक नदी रंघुन, चमेलिया लगायतमा बहाव सतर्कता आसपास सम्म पुग्ने पूर्वानुमान छ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाव बढ्दो हुने तर सतर्कता तलै हुने। **कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्ती, बबई, मोहनाका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने संभावना रहेको छ।**
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, सप्तरी लगायत प्रदेश २ को सबै जिल्लाहरु, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, मकवानपुर, चितवन, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, नवलपरासी, लम्जुङ, तनहूँ, स्याङ्जा, पर्वत, कास्की, म्याग्दी, बागलुङ , गुल्मी, अर्घाखाँची, रोल्पा, प्यूठान, रूकुम, रूपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी भई बहने स-साना नदीमा आकस्मिक बहावको संभावना रहेको छ।

पूर्वानुमान भोलि : श्रावण-४ (आईतबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- भोलि कोशी, नारायणी, कर्णाली र महाकाली नदीमा बहाव उल्लेख्य बढ्ने तथा **कोशी र नारायणीको केहि सहायक नदीमा सतर्कता आसपास आसपास हुने पूर्वानुमान छ।**
- भोलि कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई, तिनाउ लगायतमा पनि बहाव उल्लेख्य बढ्ने र सतर्कता आसपास पुग्न सक्ने। **कन्काई, कमला, बागमती, तिनाउका सहायक नदीमा बहाव खतरा आसपास हुने पुर्वानुमान छ।**
- **भोलि मेचि, विरिङ, निन्दा, लोहन्द्रा, चिसाङखोला, त्रियुगा, माउली, गगान, खाडो, रातो, चुरियाखोला, लालबकैया, पूर्वी राप्ती लगायत देशका मध्यपहाडी चुरे र तराईबाट बहने प्राय सबै साना नदीमा बहाव उल्लेख्य बढ्ने र सतर्कता आसपास हुने, केहिमा खतरा आसपास पनि पुग्न सक्ने।**
- भोलि देशैभरका मध्यपहाडी, चुरे र तराईबाट बहने स-साना नदीहरूमा बहाव बढ्ने तथा प्रदेश १, २, बागमती, गण्डकी र प्रदेश ५ को मध्यपहाडी, चुरे र तराईबाट बहने स-साना नदीमा बहाब सतर्कता आसपास हुने तथा **केहिमा खतरा तह पुग्न सक्ने पूर्वानुमान छ।**

पूर्वानुमान पर्सी : श्रावण-५ (सोमबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- **पर्सी कोशी, नारायणीमा बहाव उल्लेखय बढ्ने र खतरा तह आसपास आसपास हुने पूर्वानुमान छ। कर्णाली र महाकाली नदीमा बहाव बढ्ने र कर्णालीको केहि सहायक नदीमा बहाव सतर्कता आसपास सम्म पुग्ने पूर्वानुमान छ।**
- **पर्सी कन्काई, कमला,बागमती र यसका सहायक नदीमा बहाव बढ्ने र केहिमा खतरा तह आसपास सम्म पुग्न सक्ने पुर्वानुमान छ।** पश्चिम राप्ती, बबई , तिनाउ र यसका सहायक नदीमा बहाव उल्लेख्य बढ्ने तर सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ।
- पर्सी प्रदेश १,२, बागमतीको मध्यपहाडी, तराई र चुरेको भु-भाग भई बहने स-साना नदीहरूमा बहाव बढ्ने र सतर्कता आसपास हुने। **तर प्रदेश १र २ को केहि स-साना नदीमा बहाव खतरा तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान छ। प्रदेश ५, कर्णाली र सुदूरपश्चिम प्रदेश भई बहने साना नदीमा पनि बहाव बढ्ने तर खतरा तह पार गर्ने न्यून संभावना।**

सरोकारवालाका लागि परामर्श (Advisory):

- **आगामी ३ दिन प्रमूख र मझौला नदीहरू कन्काई, कोशी, कमला, बागमती, नारायणी, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाव सतर्कता आसपास हुने र केहिमा खतरा तह सम्म पुग्न सक्ने पुर्वानुमान रहेकाले नदीतटिय क्षेत्रका कार्यहरू नगर्न वा उच्च सतर्कता अपनाउनहुन अनुरोध छ।**
- **आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, सप्तरी लगायत प्रदेश २ को सबै जिल्लाहरु, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, मकवानपुर, चितवन, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, नवलपरासी, लम्जुङ, तनहूँ, स्याङ्जा, पर्वत, कास्की, म्याग्दी, बागलुङ , गुल्मी, अर्घाखाँची, रोल्पा, प्यूठान, रूकुम, रूपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी भई बहने स-साना नदीमा आकस्मिक बहावको संभावना रहेकाले तटिय क्षेत्रमा सतर्कता अपनाऔ।**
- **आगामी ३ दिन प्रदेश १,२, बागमती, गण्डकी र प्रदेश ५ भई बहने स-साना नदीमा पनि बाढीको उच्च जोखिम रहेकाले तटिय क्षेत्रका कार्य नगर्न वा उच्च सतर्कता अपनाऔ। कर्णाली र सुदूरपश्चिम प्रदेश भई बहने नदीमा पनि**
- (*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं। विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं।

**नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।**

# Forecast References:

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv
   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast*

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

## जल तथा मौसम विज्ञान विभाग

**मौसम पूर्वानुमान बुलेटिन** (Weather Forecast Bulletin)
(जारी मिति: २०७७-०४-०३, बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**

हाल नेपालभर मनसुनी वायु को प्रभाव छ । साथै मनसूनी न्युन चापीय रेखा नेपालको तराई भूभाग देखि केही दक्षिण तिर अवस्थित छ।

**हालको मौसमको अवस्था (Present Weather Status):**

देशभर सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षा भईरहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**साउन ३ गते (शनिबार)**

**दिउँसो:** देशभर सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।प्रदेश १, बागमती प्रदेश र गण्डकी प्रदेशका एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**राती :** देशभर सामान्य देखी पुर्ण बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । गण्डकी प्रदेश, कर्णाली प्रदेशका थोरै स्थानहरुमा र प्रदेश १, प्रदेश ५, बागमती प्रदेश, प्रदेश २ का एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**साउन ४ गते (आइतबार)**

**दिउँसो:** देशभर सामान्य देखि पुर्ण बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश ५, कर्णाली प्रदेशका थोरै स्थानहरुमा र सुदुर पश्चिम प्रदेश, प्रदेश १ का एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**राती :** देशभर पूर्ण बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश केही स्थानहरुमा र प्रदेश २, सुदुर पश्चिम प्रदेश, कर्णाली प्रदेशका र प्रदेश ५ का थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**साउन ५ गते (सोमबार)**


**दिउँसो:** देशभर पूर्ण बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश केही स्थानहरुमा र प्रदेश २, सुदुर पश्चिम प्रदेश, कर्णाली प्रदेशका र प्रदेश ५ का थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**राती :** देशभर पूर्ण बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २, प्रदेश ५ का केही स्थानहरुमा र बागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश, सुदुर पश्चिम प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):**


देशका धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना छ साथै गण्डकी प्रदेश, कर्णाली प्रदेशका थोरै स्थानहरुमा र प्रदेश १, प्रदेश ५, बागमती प्रदेश, प्रदेश २ का एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना भएकोले सतर्कता अपनाउन हुन अनुरोध छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*




*24 Hour Rainfall Forecast Today (9am to 9 am)*

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा




*24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*


5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti（MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*

*8) GLOFAS forecast*


Nepal; Basin:Ganges; Station:Mainachuli;





Nepal; Basin:Ganges; Station:Chatara;



Nepal: Basin:Ganges: Station:Devghat:




9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*





| Dates | 7-16 | 7-17 | 7-18 | 7-19 | 7-20 | 7-21 | 7-22 | 7-23 | 7-24 | 7-25 | 7-26 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Percent Exceedance (2-yr) | 102 | 102 | 2 | 20 | 80 | 102 | 102 | 94 | 55 | 24 | 18 |
| Percent Exceedance (10-yr) | 0 | 0 | 0 | 6 | 53 | 86 | 90 | 61 | 18 | 12 | 4 |
| Percent Exceedance (20-yr) | 0 | 0 | 0 | 6 | 39 | 76 | 76 | 45 | 10 | 6 | 2 |

*बागमती नदीको बाढी पूर्वानुमान । भोलीबाट बागमतीमा बहाव उलेख्य बढ्ने संकेत गर्छ ।*

10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*


**[m3/s] 1008 Devghat/Narayani**




| Time | Discharge |
|---|---|
| Jul 17 06:00 | 4893.09 |
| Jul 17 07:00 | 4875 |
| Jul 17 08:00 | 4859.8 |
| Jul 17 09:00 | 4850.18 |
| Jul 17 10:00 | 4842.29 |
| Jul 17 11:00 | 4838.56 |
| Jul 17 12:00 | 4843.19 |
| Jul 17 15:00 | 4847.2 |
| Jul 17 18:00 | 4830.82 |
| Jul 18 00:00 | 4829.93 |
| Jul 18 06:00 | 4811.94 |
| Jul 18 18:00 | 4916.92 |
| Jul 19 06:00 | 5055.33 |
| Jul 19 18:00 | 5061.19 |
| Jul 20 06:00 | 4935.18 |

## *11) SouthAsia Flash Flood Guidance System (Nepal)*


नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
**जल तथा मौसम विज्ञान विभाग**
**बाढी पूर्वानुमान महाशाखा**




*Rainfall Forecast for 24 Hour (आगामी २४ घण्टा (६-६)को बर्षाको पुर्वानुमान), प्रदेश १ र २ को धेरै स्थानमा मध्यम देखि भारी बर्षाको संभावना*

*12) Other Global Flood Forecasts*

*13) Satellite Cloud Picture*




*14) Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: www.hydrology.gov.np लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।